# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ४ संख्या ५ आश्विन २१ गते, २०७७ साल**


## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## संवत् २०७७ सालको कार्यविधि नं. ५

# करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची -८ मा भएको व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र नियमन गर्ने लगायतका कार्यहरु स्थानीय तहको भएको र मादी गाउँपालिकाको माध्यमिक तथा आधारभूत शिक्षा ऐन २०७५ को दफा ५४ को उपदफा (१) मा भएको व्यवस्था अनुरुप

मादी गाउँपालिका कास्की

गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक सेवा आयोगबाट स्थायी पदपूर्ति नहुँदा सम्म तत्काल आवश्यक पर्ने रिक्त दरबन्दी र गाउँपालिका मार्फत वजेट विनियोजन गरी वा कार्यक्रम बनाई अनुदानमा सेवा करारमा लिने शिक्षकहरूको छनौट एवं सिफारिस पद्धतिलाई व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०४ को उपदफा २ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "**करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि २०७७**" रहेको छ। (ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "विद्यालय" भन्नाले मादी गाउँपालिका भित्रका कक्षा १ देखि कक्षा १२ सम्मको शैक्षिक संरचनालाई सम्झनुपर्दछ ।

(ख) "विषय विशेषज्ञ" भन्नाले करार सेवाका लागि शिक्षक छनौट तथा सिफारिस गर्ने परीक्षा सञ्चालनका लागि यस कार्यविधिको नियम ७ बमोजिम सूचीकृत भएका आधारभूत र माध्यमिक तहका शिक्षकलाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले मादी गाउँपालिकालाई सम्झनु पर्दछ ।

मादी गाउँपालिका कास्की

(घ) "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहयोगी, विद्यालय सहायक वा शिक्षक बाहेकका विद्यालयमा नियमित हाजिर भई तलब सुबिधा लिई काम गर्ने जुनसुकै कर्मचारीलाई पनि सम्झनुपर्छ ।

(ङ) "गाउँ शिक्षा समिति" भन्नाले मादी गाउँपालिकाको गाउँ शिक्षा समिति लाई सम्झनु पर्दछ।

(छ) "करार शिक्षक छनौट तथा सिफारिस समिति" भन्नाले गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा २७ (१) बमोजिमको समिति तथा गाउँपालिकाबाट करार सेवामा शिक्षकहरूको छनौटको लागि कार्यविधिको दफा (३) बमोजिम गठन गरिएको समितिलाई सम्झनुपर्छ ।

(ज) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालयको संचालन, रेखदेख तथा व्यवस्थापनको लागि गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(झ) "करार शिक्षक तथा कर्मचारी" भन्नाले निश्चित अवधि तोकी सामुदायिक विद्यालयका रिक्त दरबन्दीमा सेवा उपलब्ध गराउने उद्देश्यले सेवा करारमा लिएका शिक्षक तथा विद्यालय कर्मचारी सम्झनुपर्छ ।

(ञ) "परीक्षा" भन्नाले करार शिक्षक वा विद्यालय कर्मचारी छनौट गर्न लिईने लिखित वा मौखिक वा प्रयोगात्मक परीक्षा वा कुनै एक वा सो भन्दा बढी विधिबाट लिईने परीक्षा सम्झनुपर्छ ।

(ट) "प्रधानाध्यापक" भन्नाले गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ठ) "शिक्षा शाखा" भन्नाले मादी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

# परिच्छेद- २

## करार शिक्षक छनौट तथा सिफारिस समितिको संरचना :

**३. करार शिक्षक तथा कर्मचारी छनौट समितिः**

(१) सामुदायिक विद्यालयमा करार सेवामा शिक्षक वा कर्मचारी नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको वि.व्य.स. सदस्य अध्यक्ष

(ख) गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक सदस्य

(ग) गाउँपालिकाको शिक्षा अधिकृत वा शिक्षा शाखाको प्रतिनिधि सदस्य

(घ) गाउँपालिकाको शिक्षा अधिकृतले तोकेको सम्बन्धित तह र विषयको विज्ञ एक जना सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

**४. शिक्षक छनौट समितिको सचिवालय :**

(१) शिक्षक छनौट समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखामा हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि आवश्यक परेमा अन्यत्र जुन सुकै विद्यालय तोकी अस्थायी रुपमा संचालन गर्न बाधा पर्ने छैन ।

मादी गाउँपालिका कास्की

**५.मापदण्ड पालना गर्नुपर्ने :** शिक्षक सेवा आयोगले शिक्षक तथा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड र कार्यविधि पालना गर्नु पर्नेछ।

६. **बैठक सञ्चालन गर्ने विधि :** शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि प्रचलित कानुन विपरित नहुने गरि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -३

### विषय विशेषज्ञको सूची तयार गर्ने :

**७. विषय विशेषज्ञको सूची तयार पार्ने सम्बन्धी व्यवस्था :**

(१) मादी गाउँपालिका अन्तर्गतका सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरुमा करार सेवामा शिक्षक तथा कर्मचारीहरु छनौट तथा सिफारिस गर्न मादी गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा २७ बमोजिम स्वीकृत दरबन्दी भित्र शिक्षक तथा कर्मचारी करार सेवामा लिनका लागि छनौट तथा सिफारिस गर्दा आवश्यक पर्ने विज्ञहरुको आवश्यक योग्यता निर्धारण गरी गाउँपालिकाले १५ दिनको विषय विज्ञको रुपमा सूचीकृत हुने सूचना प्रकाशन गरी प्राप्त निवेदन मध्ये गाउँ शिक्षा समितिद्वारा विज्ञहरूको अन्तिम सूची बनाई प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएका विषय विशेषज्ञहरु उपर चित्त नबुझेमा अन्तिम सूची प्रकाशन भएको ७ (सात) दिन भित्र आवश्यक सवुत प्रमाण सहित गाउँ कार्यपालिकाको कार्यालयमा उजुरी दिन सकिनेछ ।

मादी गाउँपालिका कास्की

(३) शिक्षक छनौट तथा सिफारिसका लागि लिईने लिखित परीक्षा निर्धारित पाठ्यक्रम र तोकिएको ढाँचा अनुसार प्रश्नपत्र तयार गर्ने काम सूचीकृत विषय विशेषज्ञको हुनेछ ।

(४) विषयगत विशेषज्ञद्वारा निर्मित प्रश्नपत्रहरुलाई आवश्यकता अनुसार सम्बन्धित विषय विशेषज्ञ समेत समावेश गरी परिमार्जन moderation गरी प्रश्नपत्र लाई अन्तिम रुप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राखिनेछ ।

(५) प्रश्नपत्र तयार गर्दा गोपनीयताका साथ तयार गर्नुपर्दछ। यसरी तयार गरिएको प्रश्नपत्र गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

**(८) विषय बिशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयमा स्वीकृत रिक्त दरबन्दी करार सेवामा पदपूर्ति गर्नको लागि आवश्यक पर्ने विषय विशेषज्ञको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ।

**(क) आधारभूत तह (प्राथमिक तथा निम्नमाध्यमिक) को लागि**

न्युनतम शैक्षिक योग्यता :

सम्बन्धित विषयमा शिक्षा शास्त्र संकायमा न्यूनतम स्नातक तह वा सो सरह उत्तीर्ण गरेको स्थायी सेवामा कम्तीमा दुई वर्ष अध्यापन गरेको र कम्तीमा दश वर्षको शिक्षण अनुभव भएको हुनुपर्नेछ ।

**(ख) माध्यमिक तह कक्षा (९-१०) को लागि :**

न्युनतम शैक्षिक योग्यता :

सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण वा अन्य संकायमा स्नातकोत्तर गरेको भए कम्तीमा एकवर्षे बि.एड. गरेको हुनुपर्नेछ, शिक्षण अनुभव माध्यमिक तहको स्थायी सेवामा कम्तीमा दुई वर्ष अध्यापन गरेको र दश वर्ष शिक्षण अनुभव रहेको हुनु पर्नेछ।

मादी गाउँपालिका कास्की

**(ग) माध्यमिक तह कक्षा (११ र १२) को लागि :**

न्युनतम शैक्षिक योग्यता :

सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण वा अन्य संकायमा स्नातकोत्तर गरेको भए कम्तीमा एकवर्षे एम.एड. गरेको हुनुपर्नेछ, शिक्षण अनुभव विश्वविद्यालय स्तरको स्थायी सेवामा कम्तीमा दुई वर्ष अध्यापन गरेको र सात वर्ष शिक्षण अनुभव रहेको हुनुपर्नेछ ।

तर अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि प्राविधिक धारका शिक्षक छनौट तथा सिफारिस समितिमा विषय विज्ञको रुपमा गाउँ शिक्षा समितिका अध्यक्षले आवश्यक पदको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट तोक्न सक्नेछन् । गाउँपालिका क्षेत्रभित्र विषयविज्ञको सूची बनाउँदा कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा जिल्ला भित्रका अन्य स्थानीय तहमा रहेका विषय विशेषज्ञ बाट परीक्षा सञ्चालन गर्न बाधा पर्ने छैन ।साथै प्राथमिक तहको शिक्षक छनौटका लागि जुनसुकै विषय र तहको विषय विज्ञबाट गर्न सकिनेछ ।

विषय विज्ञहरूको सूचीलाई प्रत्येक दुई वर्षमा अद्यावधिक गरिनेछ ।

## परिच्छेद -४

**८ . करार सेवामा शिक्षक तथा कर्मचारी सिफारस र सेवा सर्त सम्बन्धी व्यवस्था :**

(१) शिक्षक करार सेवामा पदपूर्ति गर्दा गाउँपालिकाको करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधिको दफा ३ बमोजिमको समितिबाट हुनेछ।

(२) सूचीकृत विषय विशेषज्ञ सम्बन्धित विद्यालयको करार शिक्षक छनौटको लागि विषय विशेषज्ञको रूपमा मनोनीत गर्न पाईनेछैन् ।

(३) विज्ञापन अनुसार दरखास्त प्राप्त भएपछि छानबिन गरी रित पुगेका दरखास्तलाई दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको दर्ता निस्सा वा प्रवेश पत्र प्रदान गर्नुपर्नेछ साथै स्वीकृत नामावलीको सूची टाँस गरी उमेद्वारलाई लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति, समय र स्थान समेत जानकारी गराउनुपर्नेछ ।

(४) परीक्षाको प्रश्नपत्र नेपाल सरकारले तोके बमोजिमको शिक्षक सेवा आयोगको संशोधित पाठ्यक्रम बमोजिम हुनेछ ।

(५) सामुदायिक विद्यालयमा शिक्षण पेशामा आवद्ध हुन संघीय शिक्षा ऐनमा भएको व्यवस्था बमोजिम शिक्षक सेवा आयोगबाट स्थायी अध्यापन अनुमतिपत्र लिएको हुनुपर्नेछ । तर यो प्रावधान भएपनि स्थानीय परिवेश लाई मध्यनजर गरी करार शिक्षक छनौट गर्दा योग्यता, क्षमता र अनुभवको आधारमा स्थायी अनुमतिपत्र नभएपनि गणित, विज्ञान र अंग्रेजी विषयमा शिक्षक छनौट गर्न बाधा पर्नेछैन् ।

(६) गाउँपालिकाको अनुदानबाट करार शिक्षकको रुपमा छनौट तथा सिफारिस भई करार सेवामा नियुक्त शिक्षकको पदावधि शुरुमा बढीमा एक वर्षको लागि हुनेछ । शैक्षिक गुणस्तर अभिवृद्धिमा पुग्ने योगदान एवं कार्य सम्पादनको आधारमा गाउँपालिकाले करार थप गर्न वा नगर्न सक्नेछ,साथै यस प्रक्रियाबाट सेवामा करार गरेका शिक्षक कार्यरत विद्यालयमा शिक्षक सेवा आयोग मार्फत स्थायी शिक्षक सिफारिस भई आएमा वा सेवामा नियुक्त शिक्षकको आवश्यकता औचित्य सान्दर्भिकता पुष्टि नभएमा निजसँगको करार सम्झौता जुनसुकै बेला गाउँपालिकाले भङ्ग गर्न सक्नेछ वा निजलाई अन्य कामकाजमा खटाउन वा अन्य विद्यालयमा खटाउन सक्नेछ ।

## परिच्छेद-५

**९ . छनौट परीक्षा, अन्तरवार्ता योग्यताक्रम र सेवा करार सम्बन्धी व्यवस्था :**

(१) परीक्षा अन्तरवार्ता र योग्यता यस कार्यविधिको दफा ३ बमोजिमको समितिले शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोग नियमावली, २०५७ को संसोधनमा भएको व्यवस्था अनुसार लिखित, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक सबै किसिमको परीक्षा लिई तोकिएको न्युनतम प्राप्ताङ्क भन्दा बढी अङ्क प्राप्त गर्ने उमेद्वारहरू मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उमेद्वारलाई नियुक्तिका लागि वैकल्पिक उमेद्वार सहित विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट तथा सिफारिस भएका उमेद्वारलाई विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम प्रधानाध्यापकले अनुसूची १ बमोजिम करार सम्झौता गरी सेवामा नियुक्त गरी कामकाजमा खटाउनेछन् । नियुक्ति पत्र बुझेको मितिले बढीमा सात दिनभित्र सम्बन्धित विद्यालयमा करार नियुक्ति भएको व्यक्ति हाजिर हुनु पर्नेछ, र सिफारिस भई आएको शिक्षकलाई नियमित कामकाज गर्न लगाई विद्यालयका प्रधानाध्यापकले सोको जानकारी गाउँपालिकालाई दिनुपर्नेछ ।

(३) तपशिल बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेद्वारलाई करारमा नियुक्ति गर्न सक्नेछ ।

क) सिफारिस गरेको उम्मेद्वारले ३० (तीस) दिनको समय भित्र पनि नियुक्ति नलिएमा वा लिन नआएमा

ख)सिफारिस गरेको उम्मेद्वारको ६ (छ) महिना भित्रमा मृत्यु भएमा ।

ग) सिफारिस गरेको उम्मेद्वारको ६ (छ) महिना भित्रमा राजिनामा दिएमा ।

घ) सिफारिस गरेको उम्मेद्वारले नियुक्ति लिएको १५ (पन्ध्र) दिन भित्र हाजिर नभएमा ।

## परिच्छेद-६

### १०.विविध :

### (१) थपघट, व्याख्या र हेरफेर :

(क) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या,थपघट र संशोधन गर्न सक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५, गाउँ शिक्षा समितिको निर्णय, शिक्षक सेवा आयोग नियमावली र अन्य प्रचलित कानुनमा भएको व्यवस्था अनुसार हुनेछ ।

### (२) खारेजी र बचाउ :

(क)यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन कानुन सँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।

(ख) यस कार्यविधि जारी हुनु भन्दा अगाडी करार सेवामा शिक्षक/कर्मचारी नियुक्तिका लागि भएका प्रक्रिया यसै बमोजिम भएको मानिनेछ ।

अनुसूची १

करार सम्झौता

श्री ............................विद्यालय, मादी गाउँपालिका वडा नं. ..................,कास्की (यसपछि पहिलो पक्ष भनिएको) र ................ जिल्ला ....................नगरपालिका /गाउँपालिका वडा नं. ......... बस्ने श्री ................................ ( यसपछि दोश्रो पक्ष भनिएको) का बीच श्री ...........................विद्यालय, मादी गाउँपालिका वडा नं. ..................,कास्की .....................तह ............. विषयको ............. शिक्षक पदमा कामकाज गर्न गराउन मिति २०............. र...................... निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक एक प्रति आपसमा बुझि लियौं दियौं ।

१. कामकाज सम्बन्धमा : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नु पर्ने स्थान : श्री ............................विद्यालय, मादी गाउँपालिका वडा नं. ..................,कास्की .।

३. करारमा काम गरे बापत पाँउने पारिश्रमिक प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा नेपाल सरकारले तोकेको.................तहको तृतीय श्रेणीको शिक्षकले पाउने सेवा सुविधा उपलब्ध गराउनेछ ।

४. आचरणको पालना: दोश्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदाः दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै विद्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा विद्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछैन ।

६. विद्यालयको सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले विद्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले विद्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधिः यो करार सेवा अवधि .....................देखि लागु भई ..................................सम्मको लागि हुनेछ । विद्यालयको लागि अन्य व्यवस्था नभएको खण्डमा पुनः करार नविकरण गर्न सकिनेछ । उक्त पदमा शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तीको लागि सिफारिस भई आएमा वा अन्यत्रबाट सरुवा भई आएमा वा दरवन्दी कटौती भएमा वा आवश्यकता नदेखेमा वा पदिय आचरण विपरित कार्य गरेको पाईएमा पहिलो पक्षले दोस्रो पक्षलाई स्वतः हटाउन सक्ने छ ।

९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई शिक्षक सेवा सर्त सम्बन्धीमा भएको व्यवस्था भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. पदबाट हटाउन सकिने : शिक्षक सेवा आयोगबाट स्थायी नियुक्ति भई आएमा वा अन्यत्रबाट सरुवा भई आएमा वा उक्त दरवन्दी कटौती भएमा वा गाउँपालिकाले सेवा करार अवधि थप नगरेमा वा गरीरहन आवश्यक नठानेमा वा पदीय आचरण विपरीत कार्य गरेको पाईएमा दोस्रो पक्षलाई स्वतः हटाउन सकिनेछ

१२. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन र गर्ने छैन ।

१३. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

विद्यालयको छापः

पहिलो पक्षको तर्फबाट :

हस्ताक्षर :

नाम : ...............................

पद : प्रधानाध्यापक

विद्यालययको नाम :......................वि.

ठेगाना : मादी गाउँपालिका वडा नं......,कास्की

दोस्रो पक्षको तर्फबाट :

हस्ताक्षर :

नाम .........................................

पद : ....................शिक्षक

ठेगाना : ........................

आज्ञाले,
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

मादी गाउँपालिका कास्की